# बेदकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालयको
# अर्थ सम्बन्धी प्रस्तावलाई
# कार्यान्वयन गर्न बनेको
# विधेयक

**बेदकोट नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**सिसैया, कञ्चनपुर**

**२०७७**

# <u>आर्थिक ऐन</u>

**(नगर सभा समक्ष पेश गरेको मिति २०७७।०३।१०)**

***<u>बेदकोट नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक</u>***

**प्रस्तावनाः बेदकोट** नगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क, दस्तुर तथा अन्य आय संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम **बेदकोट** नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि **बेदकोट** नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः**

नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (६) बमोजिम घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमी (मालपोत) कर :**

नगरपालिका क्षेत्रभित्र अनुसूची ८ बमोजिम भुमीकर(मालपोत) कर लगाईने र असुल उपर गरिनेछ ।

४. **व्यवसाय करः**

नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (२) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **सवारी साधन करः**

नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (१) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

६. **विज्ञापन करः**

नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (४) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **मनोरन्जन करः**

नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **सेवा शुल्क, दस्तुरः**

नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (५) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **घर वहाल करः**

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (७) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्क** :
नगरपालिकाको क्षेत्रभित्र सरकारी जग्गामा बनेका घर तथा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग र संरचनाले ओगटेको जग्गाको दोब्बर क्षेत्रफल सम्मको बहाल बिटौरी शुल्क अनुसूची ९ बमोजिम लाग्नेछ ।

११. **सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय :**
यस बेदकोट नगरपालिकाको स्वामित्वमा रहेका सरकारी सवारी साधन, उपकरण, हेभी इक्युपमेन्ट प्रयोग गरे बाफत अनुसूची १० बमोजिम शुल्क लाग्नेछ ।

१२. **कवाडी कर :**
कवाडी सामानको व्यवसायकि उपयोग गरे बाफतको कबाडी करमा अनुसूची ११ बमोजिम कर लाग्नेछ ।

१३. **न्यूनतम कबोल अंक :**
बेदकोट नगरपालिका क्षेत्रभित्र अनुसूची १२ बमोजिम कर, शुल्क दस्तुर र अन्य आय संकलनका ठेक्का बन्दोबस्त गर्ने प्रयोजनका लागि न्यूनतम कबोल अंक कायम गरिएको छ ।

१४. **कर छुटः**
यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. **कर, दस्तुर, शुल्क तथा अन्य आय संकलन सम्बन्धि नियमावली, निर्देशिका र कार्यविधि**
यो ऐनमा भएको व्यवस्था अनुसार कर, दस्तुर, शुल्क तथा अन्य आय संकलन सम्बन्धि नियमावली, निर्देशिका र कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

१६. **स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने तर यस ऐनमा उल्लेख नभएका कर, शुल्क, दस्तुर संघीय आर्थिक ऐन २०७७ र प्रदेश आर्थिक ऐन २०७७ मा उल्लेख भए बमोजिम कर शुल्क दस्तुर लाग्नेछ ।**

## अनूसुचि–१

**सवारी साधन कर**

**१. बार्षिक सवारी दर्ता कर**

| | |
|---|---|
| १. टेम्पो, टाङा, रिक्सा, अटोरिक्सा, ई रिक्सा | रु.३००।– |

**२. यस नगरपालिका भित्र पर्ने पूर्व पश्चिम राजमार्ग बाहेक यस नगरपालिकाबाट निर्मित/मर्मत गरिएका सम्पूर्ण सडकहरु प्रयोग गरी व्यवसायिक प्रयोजनका लागि चल्ने यातायातका साधनहरुमा देहाय बमोजिमको सडक सेवा शुल्क प्रति ट्रिप लागु गर्ने निर्णय गरियो ।**

| | |
|---|---|
| ८ घनमिटर भन्दा माथी प्रति ट्रिप | रु.९०। |
| ८ घनमिटर सम्म टिप्पर प्रति ट्रिप | रु.८०। |
| ट्रक प्रति ट्रिप | रु.७०। |
| ट्रेक्टर प्रति ट्रिप | रु.६०। |
| भाडाको बस | रु.४०। |
| भाडाको जिप | रु.३०। |
| ब्याकहो लोडर/रोड रोलर प्रतिट्रिप | रु.१००। |

नोट : नगर क्षेत्रभित्र संचालित सवारी साधनहरु लाई न.पा मा अनिवार्य रुपमा दर्त्ता गर्न लगाउने । सोको लागी महाकाली अन्चल यातायात व्यबस्था कार्यालय महेन्द्रनगर लाई सहयोगका लागी अनुरोध गर्ने । यसमा विद्यालय(सार्वजनिक/संस्थागत) प्रयोजनका लागि संचालित बसहरुमा(विद्यलायको आफ्नै वा भाडामा भएपनि) सडक सेवा शुल्क लिईने छैन ।

## अनूसुचि–२

**व्यवसाय कर**

**१.पटके व्यवसायकर ( दैनिक )**

| | |
|---|---|
| १. प्रत्येक अस्थायी टहरारफडबाट | रु.१०।– |
| २. न.पा. ले तोकेको ठाउंमा तक्ता खाट आदि राखी ठाउं ओगटी व्यवसाय गर्नेलाई | रु.१०।– |
| ३. तरकारी राखी ठाउं ओगटी व्यवसाय गर्नेलाई | रु.१०।– |
| ४. सब्जीमण्डीभित्र फलफूल तथा तरकारी राखी ठाउं ओगटी व्यवसाय गर्नेलाई | रु.१०।– |
| ५. ठेलागाडीबाट एक ठाँउबाट आर्को ठाउंमा सार्न सकिने फलफूलका ठेलाबाट | रु.१०।- |
| ६. तरकारीका ठेलावाट | रु.१०।– |
| ७. इन्जनद्वारा फलफूलको रस र उखुको रस बेच्ने व्यवसायवाट | रु.२०।– |
| ८. हातले चलाउने मेसिनबाट फलफूल,र उखुको रस बेच्ने व्यवसाय चाट,वदाम विकि | रु.२०।- |
| ९. डि फ्रेजमा विशेष आइस्कीम राखी गरिने व्यबसाय गर्ने बाट | रु.२०।- |
| १०. मेनरोडको छेउ छाउमा रेडिमेट कपडा राखी बिक्री व्यवसाय गर्ने | रु.२५।- |

**२. बेदकोट नगरपालिका मुख्य वजार केन्द्र र सो आशपाशका क्षेत्रमा रहेका अस्थायी टहरारफडबाट निम्नानुसार बार्षिक व्यवसायकर लिने ।**

| | |
|---|---|
| १. खाना खाने होटल र लज ............................ | रु.१२००।– |
| २. चिया नास्ता होटल ................................ | रु.८००।– |
| ३. खुद्रा अन्य पसल ............................ | रु.८००।– |

**३. बेदकोट नगरपालिका मुख्य वजार केन्द्र वाहेक अन्य ग्रामणि ठाउंमा टहरारफडबाट निम्नानुसार बार्षिक व्यवसायकर लिने ।**

| | |
|---|---|
| १. चिया नास्ता होटल ................. | रु.५००।– |
| २. किराना पसल .......................... | रु.८००।– |
| ३. खाना खाने होटल ......................... | रु.८००।– |
| ४. मिठाई पसल ......................... | रु.८००।– |

| | |
|---|---|
| ५. रेडीमेड कपडा पसल ........................ | रु.१५००।– |

**नोट : - खुल्ला स्थानमा ब्यापार गर्ने र नगरपालिका क्षेत्र भित्र टहरा,फडमा व्यापार व्यवसाय संचालन गर्दा बातावरण प्रदुषण हुने एवं यातायातको आवत जावतमा असर पार्ने कुरा न.पा.लाई लागेमा त्यस्तो स्थानबाट सो व्यापार व्यवसाय गर्न नगरपालिकाले प्रतिबन्ध लगाउन सक्नेछ ।**

**४. पर्यटकीय होटलको व्यवसाय निम्नानुसार लिने**

| | |
|---|---|
| पांच तारे होटल ......................... | रु. ३५,००० ।– |
| चार तारे होटल ....................... | रु. २५,००० ।– |
| तीन तारे होटल ....................... | रु. २०,००० ।– |
| दुई तारे होटल ....................... | रु. १५,००० ।– |
| एक तारे होटल ....................... | रु. १०,०००।– |

**५ होटलहरु ( बिर्को खोली मदिरा विक्री गर्ने समेत ) मा निम्नानुसारको बार्षिक ब्यवसायकर लिने**

| | |
|---|---|
| १. क श्रेणीको होटल ................................... | रु.८००० ।- |
| २. ख श्रेणीको होटल ............................. . | रु.७००० ।– |
| ३. ग श्रेणीको होटल ................................ | रु.५००० ।– |
| ४.घ श्रेणीको होटल ............................... | रु.२५०० ।– |
| ५. होटलले क्यासिनो संचालन गरेमा ........... | रु.२०००० ।- |
| ६. दोहरी सांझ एण्ड रेष्टुरेन्ट ...................... | रु.१२००० ।- |

नोट : होटलको श्रेणी वर्गिकरणका आधारहरु नतोकिएको भए होटलमा लज/गेष्ठहाउस/रेष्टुरा समेको व्यवस्था भए वेड सख्या,लज सख्या,रेष्टुराको स्तर,सवारि साधन पार्किङ्ग सुविधा, होटल रहेको स्थान,उपलव्ध सेवा सुविधा समेतलाई आधार निश्चित मापदण्ड निर्धारण गरि होटलको श्रेणी निर्धारण गर्न उपयुक्त हुने ।यस प्रयोजनका लागि व्यवसाय संग सम्वन्धित संघसस्था र निकायका प्रतिनिधिहरु समेत संलग्न कार्य समुह गठन गरि श्रेणी निर्धारण उपयुक्त हुने ।

**६. रेष्टुरा,हलवाई,चिया पसलमा बार्षिक ब्यवसायकर निम्नानुसार लिने ।**

| | |
|---|---|
| १. मिठाइ पसल ( ठुलो ) .......................... | रु.१५००।– |
| २. चिया,चाउमिन जस्ता शाकाहारी नास्ता समेतको मिठाइको पसल | रु.१०००।– |
| ३.ग्रामिण क्षेत्रका चिया, चाउमिन जस्ता शाकाहारी नास्ता र मिठाइको पसल | रु.५०० ।– |
| ४. चिया र सामान्य नास्ताका पशल ..................... | रु.३००।– |
| ५. चिया र सामान्य मात्रको पसल ( ग्रामिण क्षेत्र ) | रु.२००।– |

**७. व्यापारिक बस्तु**

पेट्रोलियम पदार्थको व्यवसायमा निम्नानुसारको बार्षिक व्यवसायकर लिने ।

| | |
|---|---|
| १. पेट्रोल,डिजल र मट्टीतेल र लुब्रिकेन्ट विकि पसल | रु.७,०००। |
| २. मट्टीतेल मात्रको बिक्री पसल | रु.४,०००।– |

नोट :– पेट्रोलियम पदार्थको डिपोका लागि नयां अनुमति दिंदा बजार क्षेत्र देखि बाहिर हुनु पर्ने व्यवस्था मिलाउन उपयुक्त हुने छ ।

**८ . निम्नानुसार ब्यवसायमा बार्षिक ब्यवसाय कर लिने ।**

| | |
|---|---|
| १. चुरोट,बिडीजन्य धुम्रपान एजेन्सी ....................... | रु.३०००।– |
| २. साबुन एजेन्सी .................................. | रु.२,०००।– |
| ३. बिस्कुट एजेन्सी ................................ | रु.२,०००।– |
| ४. टायर एजेन्सी ...................... | रु.३,०००।– |

| | |
|---|---|
| ५. प्लाष्टिक भांडा आदिको एजेन्सी ......................... | रु.२,५००।– |
| ६. चाउचाउ एजेन्सी .......................... | रु.२,०००।– |
| ७. एजेन्सीमा थप प्रति एजेन्सीको ................... | रु.१०००।– |
| ८. स्वदेशी,बिदेशी कपडा तथा अन्य सामानको थोक पसल | रु.२०००।– |
| ९. इलोक्टोनिक पसल ...................... | रु.१५००।– |
| १०. स्वदेशी बिदेशी तयारी फैन्सि कपडा पसल .............. | रु.१५००।–– |
| ११. श्रृंगारको सामानको पसल .......... | रु.१०००।– |
| १२. स्टेसनरि व्यवसाय पसल .............................. | रु.१५००। |
| १३. साइकल बिकी पसल .......................................... | रु.३००० ।- |
| १४. मोटर साइकलको एजेन्सी तथा सर्भिस सेन्टर समेत........... | रु.५००० ।- |
| १५. मोटरसाइकिल एक्सचेञ्ज गर्ने व्यवसाय........ | रु.३०००।– |
| १६. साधारण कपडा पसल....................................... | रु.८००।- |
| १७. मोवाईल सेट विकी पशल.............................. | रु.१५००।– |
| १८. मोटरसाइकल पाटर्स बिकी पसल .......................... | रु.१५०० ।- |
| १९. बस,ट्रक, जिप,टयाक्टर बिकी पसल तथा सर्भिस सेन्टर समेत | रु.१२०००।- |
| २०. वस,ट्रक,जिप,टयाक्टर पार्टसको विकि पशल........... | रु.५०००।– |
| २१. नाप तौलको ढक तराजु बिकी पसल.................... | रु.१०००।– |
| २२. भाडा वर्तन पशल .......................... | रु.१०००।- |
| २३. प्लाष्टीकको भाडा वर्तन बिकी पसल ...................... | रु.५००।– |
| २४. कृषि कार्यका लागी सानो पावर टिलर एजेन्सी ........ | रु २०००।– |
| २५. इलेक्टिक रिक्सा एजेन्सी ................................... | रु १५००।– |
| २६. कम्प्युटर विकि पशल..................... | रु ३०००।– |
| २७. स्टेसनरि र छापाखाना समेतको पशल............. | रु.२०००।- |
| २८. पत्रिका मात्राको पशल ............... | रु.२००।- |

**९. निर्माण सामग्री ,हार्डबेयर, सिसा फ्रेम, बिद्युत समान बिक्री पसलमा निम्नानुसार बार्षिक व्यवसाय कर लिने ।**

| | |
|---|---|
| १. हार्डबेयर पसल | रु.२०००।– |
| २. सिसा तथा सिसा फ्रेम पसल ............................ | रु.१,०००।– |
| ३. बिद्युत सामग्री र ईलेक्ट्रेक सामानका पशल ................ | रु.२,०००।– |
| ४. पेन्ट मात्रको पसल ................................... | रु.२,०००।- |

**१०. किराना / बिसादा/ भांडा पसलमा निम्नानुसार बार्षिक व्यवसाय कर लिने ।**

| | |
|---|---|
| १. किराना पसल .......................... | रु. ८००।– |
| २. किराना पसल (खोका (छाप्रा ) ....................... | रु. ५००।– |

**११. खाद्यान्न खरिद बिकी पसलमा निम्नानुसार बार्षिक ब्यवसायकर लिने ।**

| | |
|---|---|
| १. बाजारमा गद्दी राखी गोदाम गर्ने ब्यवसाय ................ | रु.५०००।– |
| २. फुटकर खाद्यान खरिद बिकी ब्यवसाय .................... | रु.२,५००।– |
| ३. गल्ला खरिद गोदाम राख्ने ब्यवसाय.................... | रु.२,०००।– |

**१२. निम्नानुसारका व्यवसायमा बार्षिक व्यवसाय कर निम्नानुसार लिने ।**

| |
|---|
| १. टेलिभिजन लगायत ईलेक्ट्रोनिक सामानको पसल ............रु.२५००।– |
| २. डिस लाइनको केबुल व्यवसाय .................. रु.५०००।– |
| ३. काठ मात्रको फर्निचर बिक्री व्यवसाय रु.१०००।– |
| ४. काठ समेत अन्य प्रकारका सोफासेट, दराज र फर्निचर बिक्री पसल रु.२०००।– |
| ५. छाला जुत्ता एवं अन्य प्रकारका जुता पसल ............... रु.१५००।– |
| ६. मदिराको डिष्टिव्युटर ............................ रु.७०००।– |
| ७. मार्वल /स्लेट मात्रको पसल ...................... रु.३०००।- |
| ८. मल खाद बिउ विजन र किटनाटक ओषधी बिकी पसल .. रु.१५००।- |
| ९. तरकारी पसल................................................ रु.५००।- |
| १०. सिरक डसना वनाउने पशल .............................. रु.८००।– |

**१३. उत्पादनमुलक उद्योगमा**

क. **औद्यौगिक कारखाना तथा उद्योगहरु वाट निम्नानुसारको बार्षिक व्यवसाय कर लिने ।**

| |
|---|
| १. सुर्ति,गटुखा तथा सुर्तिजन्य पदार्थका उद्योग.................. रु.७०००।- |
| २. चावल,तेल,पिठो,दाल, सेलरमिल .................. रु.७०००।– |
| ३. चावल,तेल,पिठो,दाल, सेलरमिल ( ग्रामिण क्षेत्र ) ......... रु.२५००।– |
| ४. ग्रामिण क्षेत्रमा पम्पसेटबाट चल्ने मिल ................... रु.१००० ।– |
| ५. काठ चिरान मिल ............................................ रु.५०००।– |
| ६. फर्निचर/ काठ चिरान स:मिल ............................ रु.८०००।– |
| ७. सिमेण्ट रोडी र बालुवा प्रयोग गरी हयूमपाईप, पिलरपोल आदि बनाउने उद्योग रु.८०००।– |
| ८. सिमेण्ट रोडी,बालुवा पंयोग गरि रिङ,खुटा,ब्लक,गमला आदी बनाउने उद्योग रु.५५००।– |
| ९. प्लाइउडको कच्चा पदार्थ उत्पादन गर्ने उद्योग (भेनियर) रु.७०००।– |
| १०.पाउरोटी, सर्पत, तथा पापड बनाउने उद्योग रु.१०००।– |
| ११. गारमेन्ट तयारी पोशाक उद्योग रु.२५००।- |
| १२.फिक्स चिम्नीको ईटा भट्टा उद्योग रु.२०,०००।– |
| १३. भुसे ईटा भट्टा उद्योग रु.९,०००।– |
| १४.दुई चिम्नीको ईटा भट्टा उद्योग रु.२०,०००।– |
| १५.स्वीकृती प्राप्त खप्टा टायल भट्टा उद्योग रु ८,०००।– |
| १६. आयसक्रिम बरफ उत्पादन उद्योग रु.२०००।– |
| १७. मोमबत्ती उत्पादन उद्योग रु.१०००।– |
| १८. साबुन सोडा उत्पादन उद्योग रु १०००।- |
| १९ चकलेट,टौफि उत्पादन उद्योग रु.१०००।– |
| २०. चाउमिन उत्पादन उद्योग रु.१०००।– |
| २१. छालाका जुत्ता चप्पल बनाउने उद्योग रु.१०००।– |
| २२. टिनका फर्निचर, सोफा, दराज बनाउने उद्योग रु.५०००।– |
| २३. काठको फर्निचर, सोफा, दराज बनाउने उद्योग रु.५०००।– |

| | |
|---|---|
| २४. वयलगाडा बनाउने उद्योग | रु.१२००।– |
| २५. काठको गिलास,ठेकी,बनाउने उद्योग | रु.१,०००।– |
| २६. भांडा बर्तन बनाउने उद्योग | रु.१,०००।– |
| २७. गलैचा, होजियरी उद्योग | रु.१,२००।– |
| २८. अगरबत्ती उद्योग | रु.७००। - |
| २९. नमकीन, दालमोट आदि बनाउने उद्योग | रु.१,०००।- |
| ३०. खाना पकाउने एलपि गेस फिल गर्ने उद्योग | रु.७,०००।– |
| ३१. स्टिलका फर्निचर वनाउने उद्योग | रु.५,०००।- |
| ३२. ग्रिल/सटर वनाउने उद्योग | रु.३,०००।- |
| ३३. सोलर पालर व्यवसाय उद्योग | रु.४,०००।- |
| ३४. स्टोन क्रेसर | रु.३५,०००।- |
| ३५. चिउरा मिल | रु.३,०००।- |
| ३६. कत्था उद्योग | रु.१०,०००।- |
| ३७. ग्यास प्लान्ट उद्योग | रु.५०,०००।- |
| ३८. अस्थायी स्टोन क्रसर | रु.२०,०००।- |

नोट : माथि सि.न.१२,१३,१४ र १५ वातावरण संग सम्वन्धि उद्योगहरुवाट वार्षिक २०००।०० का दरले थप पर्यावरण शुल्क लिने र सो रकमलाई पर्यावरण संरक्षण कोषमा जम्मा गर्ने र कार्यविधी तयार गरि पर्यावरण संरक्षणमा खर्च गर्ने ।

**(ख) मर्मत सम्भार सेवा सम्वन्धी निम्नानुसारका व्यवसायमा बार्षिक व्यवसाय कर निम्नानुसार लिने ।**

| | |
|---|---|
| १. बस,ट्क,जिप,टयाक्टर मर्मत पसल.................... | रु.२५००।- |
| २.मोटर साईकल मर्मत पसल........................... | रु.२०००।– |
| ३. कम्प्यूटर मर्मत पसल................................ | रु.१०००।- |
| ४. रिक्सा साईकल मर्मत पसल ..................... | रु.५००।– |
| ५. ब्याट्री चार्ज समेतको पसल ........................ | रु.१०००।– |
| ६. खराद मसिन पसल ................................ | रु.१०००।– |
| ७. गेस सिलेण्डर बिक्री पसल........................... | रु.१०००।– |
| ८. घडि मर्मत पसल ..................................... | रु.५००।– |
| ९. टि.भी.,भि.सि.आर,भि.सि.पि,रेडीयो मर्मत पसल...... | रु.१०००।– |
| १०. रेडियो मर्मत पसल................................... | रु.५००।– |
| ११. छाता,टर्च,गेस र सिलाई मसिन मर्मत पसल ......... | रु.३००।– |
| १२. बिद्युत सामग्री, मोटर, पंखा र टेलिफोन समेतको मर्मत पसल रु.१०००।– | |
| १३. खोकामा जुत्ता चप्पल मर्मत गर्ने | रु.२००।- |
| १४. सटरिङ व्यवसाय पसलमा ........................ | रु.२०००।– |
| १५. टायर मर्मत पसल................................. | रु.१०००।– |

**ग. बिशेष परामर्श तथा सामाजिक परिचालन सम्वन्धी संस्था, व्यवसाय सेवामा कर निम्नानुसार लिने ।**

| | |
|---|---|
| १. रु २० लाख सम्मको व्यवसायमा ................. | रु.१५००।- |
| २. रु १ करोड सम्मको व्यवसायमा ................... | रु.२५००।- |
| ३. रु १ करोड भन्दा माथिको व्यवसायमा .......... | रु.३०००।- |

**१४. स्वास्थ्य सेवा /व्यवसाय संग सम्वन्धित संस्था तथा व्यक्तिवात निम्नानुसारको वार्षिक व्यवसाय /सेवा कर लिने ।**

| | |
|---|---|
| १.औषधी थोक विक्रेता | रु.४०००। |
| २. दन्त चिकित्सालय ........................... | रु.२०००।– |
| ३. औषधि बिक्रि पसल ........................ | रु.१५००।– |
| ४. क. चिकित्सक........................................ | रु.१५००।– |
| ख. पशु चिकित्सक................................... | रु.१०००।- |
| ग. कबिराज, बैद्य .................................... | रु १०००।– |
| घ. दन्त चिकित्सक................................... | रु.१०००।- |
| ५. पशु औषधालय पसल................................ | रु.१०००।– |
| ६. चस्मा विक्रि पशल ............................. | रु.१०००।- |
| ७. नर्सिङ्ग होम , निजी अस्पताल ................................ | रु.५०००।- |
| ८. फिजियो थेरापी ..................................... | रु.१५००- |
| ९. ल्याव परीक्षण सेवा ................................................ | रु.१५००।- |
| १०. अल्ट्रा साउण्ड एक्सरे सेवा....................................... | रु.१५००।- |

**१५ . निजी कानून व्यवसायी, विमा एजेन्ट, ईन्जिनियरिंग सेवा लगायतका निम्न व्यवसाय संचालन गर्ने व्यक्ति तथा निकायवाट निम्नानुसारको बार्षिक ब्यवसायकर लिने ।**

| | |
|---|---|
| १. बरिष्ठ अधिबक्ता ................ | रु.१५००।– |
| २. अधिबक्ता ....................... | रु.१२००।– |
| ३. अभिबक्ता........................... | रु.१०००।– |
| ४. अभिकर्ता र लेखनदास ............. | रु. ५००।– |
| ५. बिमा एजेन्ट व्यबसाय........... | रु. १०००।- |
| ६. अनुसन्धान तथा परामर्शदाता ......... | रु.३०००।– |
| ७. सिप तथा व्यवसाय प्रवर्धन सेवा केन्द्र... | रु.१०००। |
| ८. कृषि विशेषज्ञ ..................................................... | रु.१५००। |
| ९. वातावरण विशेषज्ञ | रु १५००। |
| १०.आयकर,मु.अ.कर र लेखा सम्वन्धि सेवा प्रदान गर्ने | रु.१०००।- |
| ११. कम्प्युटर एनालिसिष्ट र प्रोग्रामर | रु.१५००।- |
| १२. भाषा अनुवादक | रु.५००।- |
| १३. ईन्जिनियरिङ परामर्श सेवा ............................. | रु.२५००।- |
| १४. सर्भेयर ........................... | रु.५००।- |
| १५. शेयर दलाल | रु.१०००।- |
| १६. नोटरी पव्लिक व्यवसाय | रु.१५००।- |

**१६. म.ले.प.बाट लाईसेन्स प्राप्त अडिटरवाट निम्नानुसार वार्षिक व्यवसायकर लिने।**

| | |
|---|---|
| १. क श्रेणीको अडिटरलाई ...................... | रु.२५००।– |
| २. ख श्रेणीको अडिटरलाई............................ | रु.२०००।– |
| ३. ग श्रेणीको अडिटरलाई ............................ | रु.१५००।– |

| | |
|---|---|
| ४.घ श्रेणीको अडिटरलाई .............................. | रु.१२००।– |

**१७. सामान ढुवानि कम्पनी (ट्रान्सपोर्ट) वाट वार्षिक व्यवसाय कर** रु.३०००।–

**१८. कृषि सेवा  ब्यवसायमा बार्षिक ब्यवसायकर निम्नानुसार लिने ।**

| | |
|---|---|
| १. कुखुरा पालन .......................................... | रु.१०००।– |
| २. बगुर पालन .......................................... | रु.१०००।- |
| ३. व्यवसायिक कृषी उत्पादन ..................... | रु.५००।– |
| ४.बोटबिरुवा उत्पादन गर्ने तथा बेचबिखन ( नर्सरी ) | रु.५००।– |
| ५.माछापालन व्यवसाय .................................... | रु.१०००।– |

**१९.  अन्य सेवा देहायका अन्य सेवा व्यवसायहरुवाट निम्नानुसारको वार्षिक व्यवसाय कर लिने**

| | |
|---|---|
| १. भन्सार एजेन्ट ....................................... | रु.१५००।– |
| २. अर्डर सप्लायर्स ................................ | रु.१५००।– |
| ३. खसि,बोका लगायत मासु बिकी पसलमा.......... | रु.१०००।– |
| ४. बंगुर सुगर मासु पसलमा ............................ | रु.१०००।– |
| ५. माछा मात्रको पसलमा ................................ | रु.१०००।– |
| ६. कुखुरा मात्रका मासु पसलमा ........................ | रु.१००० ।– |
| ७. खसि,बोका लगायतका मासु बिकी पसल ( ग्रामिण )... | रु.५००।– |
| ८. बंगुर सुगर मासु पसल ( ग्रामणि ).................. | रु.५००।– |
| ९. कुखुरा मात्रको मासु पसल ( ग्रामणि )............. | रु.५०० ।– |
| १०.माछा पसलमा ( ग्रामिण )............................ | रु.५००।– |
| ११. रांगा मासु पसल .................................... | रु.१०००। – |
| १२. पान,बिडी पशल .................................. | रु.५००।– |
| १३. फल फुल ,तरकारी बिक्री पसलमा ............ | रु.१०००।– |
| १४. हजाम पसल ठुलोमा तीन सिटभन्दा वढी भएको | रु.१०००।– |
| १५. हजाम पसल साना ................................. | रु.५००।– |
| १६. ब्यूटी पार्लरमा ....................................... | रु.५००।– |
| १७. मसाज र पार्लर पसल................................ | रु.१०००।– |
| १८. मेरिज ब्युरो ( विबाह गराउने संस्था )............. | रु.१०००।– |
| २२.शित भण्डार व्यवसाय संचालन | रु.५०००। |
| २३.सिलाई पसल | |
| क) दुई सिलाई मेसिन सम्मको पसल ............................... | रु.१०००।- |
| ख) दुई सिलाई मेसिन देखि ५ सिलाई मेसिन  सम्मको पसल.. | रु.१३०० |
| ग) ५ सिलाई मेसिन देखि माथि सम्मको पशल.................... | रु.१५००। |
| २४. निजी टेलीफोन व्यबसाय ...................................... | रु.१५००। |
| २५.जिम सेन्टर व्यवसाय ........................ | रु.१०००।- |
| २६.कपडा धुने पसल साधारण .............................. | रु.५००।– |
| २७.ड्राईक्लिन मेसिन सहित भएको कपडा धुने पसल.......... | रु.१०००।– |
| २८.सुनचादी बिकी तथा गर गहना बनाउने पसल  ......... | रु.३५००।– |
| २९.सुनचादी गहना मात्र बनाउने पसल ......................... | रु.२०००।– |

| | |
|---|---|
| ३०.कलर ल्याब सहितको फोटो स्टुडियो ............ | रु.१५००।– |
| ३१.सबै किसिमको श्रृगार पसल....................................... | रु १५००।– |
| ३२.चुरा पोतेको मात्र श्रृगार पसल ......................... | रु.१५००।– |
| ३३.साईन बोर्ड बनाउने पेन्टीङ सेवा ...................... | रु.१०००।– |
| ३४.फोटोकपी पशल........................................ ........... | रु.१०००।– |
| ३५. ग्रिसिङ्ग व्यबसाय ........................................ | रु.१०००।- |
| ३६. घर जग्गा खरिद बिक्री व्यवसाय.................... ........... | रु.३५००।- |
| ३७.अनलाइन सेवा व्यवसाय ................................ | रु.१५००। - |
| ३८. गेम क्लव व्यवसय....................................... | रु १०००।- |

**२०. शिक्षा सेवा निम्नानुसारका ब्यवसायमा बार्षिक ब्यवसायकर निम्नानुसार लिने (संस्थागत) बाहेक ।**

| | |
|---|---|
| १. निजि क्षेत्रका स्कुल | |
| क) मण्टेश्वरी | रु.१०००।- |
| ख) आधारभूत तह कक्षा ३ सम्मको | रु.२०००।- |
| ग) आधारभूत तह कक्षा ४ देखी ८ सम्मको | रु.२५००।- |
| घ) माध्यमिक तह कक्षा ९ देखी १२ सम्मको | रु.४०००।- |
| ङ) क्याम्पस | रु.६०००।- |
| २. व्यवसायीको सीप विकास समवन्धी प्राबिधिक शिक्षालय .... | रु.३,०००।– |
| ३. कम्प्यूटर इन्सिच्यूट ................. | रु.१५,००।- |
| ४. ट्युशन,कोचिंग सेवा...... | रु.४०००।– |
| ५.भाषा प्रशिक्षण ................. | रु.१५,००।– |
| ६.शैक्षिक परामसं सेवा ................................... | रु.१,०००।– |

**२१. बित्तिय सेवा**

| | |
|---|---|
| १. नेपाल सरकारको पूर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोबार गर्ने बैक | रु.१५०००।– |
| २. आर्थिक कारोवार समेत गन वैक वाहेका वित्तिय कम्पनिहरु | रु.३०००।- |
| ३ .बिमा कम्पनी | रु.७०००।– |
| ४. बिदेशी मुद्रा सटही काउन्टर | रु.२५००।- |
| ५. सहकारी वैंक | रु.२,०००।– |
| ६. रेमिटेन्स सेवा | रु.२०००।- |
| ७. धितोपत्र कारोवार | रु.२५००।- |

**२२. संचार सेवा ( वार्षिक )**

| | |
|---|---|
| १. इमेल / इन्टरनेट व्यवसाय .... | रु.१५००।– |
| २. कुरियर सेवा | रु.१२००।– |
| ३. एस.टि.डि./ आई.एस.टि.डि / फ्याक्स सम्वन्धी निजि व्यवसाय | रु.१०००।– |
| ४. एफ.एम. रडियो ...................................... | रु.२०००।- |
| ५. केवुल नेटवर्क सेवा संचालन सेवामा............................ | रु.८०००।- |

**२३.बेदकोट नगरपालिकामा प्रधान कार्यालय भएका निर्माण ब्यवसाय ( वार्षिक )**

| | |
|---|---|
| १. (क) श्रेणीका रजिष्टर्ड निर्माण व्यवसायि ....... | रु.३०००।– |
| २. (ख) श्रेणीका रजिष्टर्ड निर्माण व्यवसाय ............ | रु.२५००।– |
| ३. (ग) श्रेणीका रजिष्टर्ड निर्माण व्यवसायि ........... | रु.२०००।– |

| | |
|---|---|
| ४.(घ) वर्गको दर्ता/इजाजतपत्र प्रदान ............ | रु.११०००।– |
| ५. घ वर्गको नवीकरण (असोज मसान्त सम्म)................ | रु २५००।- |
| ६. घ वर्ग नवीकरण (असोज मसान्त पछि चैत्र मसान्त सम्म दोब्बर दस्तुर समेत रु ५०००।- | |
| ७. घ वर्गको इजाजतपत्र नामसारी (हकवाला भएमा) | रु ३०००।- |
| ८. घ वर्गको इजाजतपत्र नामसारी (हकवाला बाहेक) | रु ७०००।- |
| ९.घ वर्गको इजाजतपत्र खारेज (असोज सम्म) | रु २५००।- |
| १०. घ वर्गको इजाजतपत्र खारेज (चैत्र सम्म) | रु ५०००।- |
| ११. घ वर्गको इजाजत प्रतिलिपि दस्तुर | रु ५०० |

**२४. अन्य व्यवसाय : निम्नानुसारका व्यवसायमा वार्षिक व्यवसायकर निम्नानुसार लिने ।**

| | |
|---|---|
| १. गोलिया काठ खरिद बिक्री | रु.५०००।– |
| २. ईटा ढुंगा बालुवा गिट्टी जम्मा गरी बिक्री गर्ने | रु.७०००।– |
| ३. रिचार्ज कार्डको थोक पसल | रु.२०००।– |
| ४. बैण्ड बाजा व्यवसाय | रु.१५००।– |
| ५ लाइसेन्स प्रप्त स्थाइ चलचित्र हल | रु.२०००।– |
| ६. थोत्रा बोरा, रस्सीका टुक्रा, पुराना प्लाष्टिक चप्पल कवाड पसल रु.२५००।– | |
| ७ मिनरल वाटर प्लान्ट | रु.१०००।- |
| ८. पम्पसेट डिलर | रु.१२००।– |
| ९ डेरी फार्म( प्रशोधन वाहेक ) | रु.१५००।- |
| १०. कोकाकोला, पेप्सी, फन्टा चिसो पेय पदार्थको ऐजेन्सी | रु.१०००।– |
| ११ केसर मिल | रु.३,०००।– |
| १२. केसर मिल डिपो | रु.१५००।- |
| १३. कपडाको थोक व्यवसाय | रु.१०००।– |
| १४. पूल हाउस | रु.१५००। |
| १५ .पशु खरिद विकि व्यवसाय | रु.२०००।- |
| १६. टेन्ट हाउस सेवा | रु.२५००। |
| १७ डेरी उद्योग( प्रशोधन सहित ) | रु.२०००। |
| १८ अनुमती प्रप्त जनावरका हाड सिंगको व्यवसाय | रु.१५००।– |
| १९. अल्ट्रा एसिड डिष्टील्ड वाटर उत्पादन | रु.१२००।– |

## अनूसुचि–३

**मनोरञ्जन कर**

| | |
|---|---|
| १. अस्थायी लाइसेन्स लिई भिडियो प्रदसन व्यावसाय संचालन( प्रति दिन) रु.२२५।– | |
| २ पटके थियटर, नौटंकी, सर्कस, (प्रत्येंक पटक) | रु.३००।– |
| ३. चटक देखाउने, औषधी बेच्ने (दैनिक) | रु.५०।- |
| ४. अन्य खेल देखाउने (दैनिक) | रु.२५।– |
| ५. चलत्रित्र व्यवसाय ( वार्षिक ) | रु.२००।- |

## अनूसुचि–४

**बार्षिक विज्ञापन कर**

| |
|---|
| १. व्यवसायिक दृष्टिकोणले प्रसार गर्ने, साइनबोर्ड राख्ने, पोष्टर टांस्ने, फिल्मी पोष्टर राख्ने (प्रति वर्ग फूट) ....................रु.७०।- |
| २. काठ, टिन, दिवालमा (प्रति वर्गफूट) ............... रु.३०।- |
| ३. संघ संस्था पसलको पोष्टरमा ( पटके ) ........ रु.५०।- |
| नोट : यस सम्वन्धी विज्ञापन राख्ने स्थानको लागि नगरपालिकाको पुर्व स्विकृती लिनु पर्ने |

## अनूसुचि–५

# सेवा शुल्क ,दस्तुर

## (क) दस्तुर

**निम्नानुसारको सिफारिसमा निम्न बमोजिमको दस्तुर लिने ।**

| | |
|---|---|
| १. चौहदी प्रमाणित दस्तुर | |
| क) राजमार्गसग जोडिएको प्रति वर्ग मिटर | रु.०.६० |
| ख) राजमार्ग देखि ५०० मिटर सम्म | रु.०.४० |
| ग) ग्रामिण क्षेत्रका लागि | रु.०.१५ |
| २. टिकट दस्तुर .. | रु.१०।– |
| ३. साधारण सिफारिस | रु.१००।– |
| ४. मुद्दा सम्बन्धि सिफरिस . | रु.२००।– |
| ५. सर्जमिन गर्नु पर्ने सिफारिसमा | रु.२००।– |
| ६. कृषि उद्योगको सिफारिसमा | रु.२५०।- |
| ७. .साना उद्योगको सिफारिसमा | रु.५००।– |
| ८. मझौला उद्योगको सिफारिसमा ..................... | रु.१०००।- |
| ९. ठूला उद्योगको सिफारिसमा ......................... | रु.१०,०००।- |
| १०.नागरिकता फाराम | रु.२०।– |
| ११. वंशजको नाताले नागरिकता सिफारिस | रु.१००।– |
| १२. जन्मसिद्ध नाताले नागरिकता सिफरिस | रु.१०००।– |
| १३. वैवाहिक अंगिकृत नागरिकता सिफारिस | रु.२०००।– |
| १४. अंगीकृत नागरिकता सिफारिस | रु.३०००।– |
| १५. घटना दर्ता (कानुनले लिनु पर्ने अवस्थामा) | रु.१००।- |
| १६. अंग्रेजीमा गरिने बसोबास, जन्म ,मृत्यु,विवाह ,अविवाहित,नाता प्रमाणित दस्तुर रु.३००।- | |
| १७. प्रतिलिपी प्रमाणित दस्तुर | रु.५०।- |
| १८. बसोबास प्रमाणित दस्तुर | रु.२००।– |
| १९.अस्थायी बसोबास प्रमाणित दस्तुर | रु.२००।– |
| २०.टेक्टरको भंसार छुट सम्बन्धी सिफारिस | रु.१०००।– |
| २४. पम्पसेटको भंसार छुट सम्बन्धी सिफारिस | रु.२००।– |
| २५ चारा काटने मसिनको भन्सार छुट सम्बन्धी सिफारिसमा | रु.१२५।– |
| २६. बिद्युत जडानको सिफारिस रु.१५०।– | |

| | |
|---|---|
| २७. विद्युत जडानको सिफारिश (सस्थागत) | रु.५००।- |
| २७. कृषि औजार सम्बन्धि भन्सार छुट सिफारसि | रु.२५०।– |
| २८. टेलीफोन नामसारी सिफारीस दस्तुर | रु.१५०।– |
| २९. खानेपानी धारा जडान सिफारिस | रु.१५०।– |
| ३० मदिरा डिलरसिप/पसल संचालन सिफारिस | रु.५१००।– |
| ३१. सार्वजनिक टेलिफोन सिफारिस | रु.१५०।– |
| ३२. संचार व्यवसायको सिफारिस ………………. | रु.२५०। |
| ३३. व्यवसायको नाामसारी /ठाउसारि दस्तुर | रु.५५०। |
| ३४. गैर सरकारी संघ सस्था क्लब तथा समिति आदी सिफारीसमा रु.१०००।– | |
| ३५. नाता प्रमाणित लयायत घटना दर्ता मुचुल्का गर्नु पर्ने भए प्रत्येक सर्जिमनको लागि रु.३००।- | |
| ३६. होम स्टे | रु.३००।- |
| ३७. न.पा. क्षेत्रमा विद्युत पोल जडान गरे वाफत ने. वि. प्रा.बाट प्रति पोल रु.१५।– र | |

नोटः उल्लेखित विवरणमा नपरेका र प्रचलित कानूनमा निशुल्क सिफारिस गरिने व्यवस्था नभएका अन्य जुनसुकै सिफारिसहरु गर्दा साधारण सिफारिस दस्तुर अनिवार्य रुपमा लिइनेछ ।

**३८.निम्नानुसारका निजि शैक्षिक सस्थाहरु खोल्न निम्नानुसारको सिफारिस दस्तुर लिने ।**

| | |
|---|---|
| **१.** मण्टेश्वरी ………………. | रु. १०००।- |
| २. आधारभूत तह (कक्षा १ देखि ८ सम्म)….. | रु. २५००।– |
| ३. माध्यमिक तह (कक्षा ९ देखि १२ सम्म)….. | रु. ४५००।– |
| ४. क्याम्पस……….. ………………. | रु. ६०**००।–** |

**३९. सम्पत्ति जग्गाको मूल्यांकन दस्तूर निम्नानुसार लिने ।**

| | |
|---|---|
| १. सम्पत्ति जग्गाको मुल्यांकन | |
| क) रु.१ देखि १० लाख सम्म | रु.६००।- |
| ख) रु.१० लाख देखि रु.२५ लाख सम्म | रु.१५००।- |
| ग) रु.२५ लाख देखि १ करोड ५० लाख सम्म | रु.३०००।- |
| घ) रु.१ करोड ५० लाख देखि माथि | रु.५०००।- |

**४०.** क) जग्गा खरिद बिक्रीको घर बाटो प्रमाणितमा महेन्द्रराजमार्ग संग जोडिएको प्रति कित्ताको .रु.२०००।- (थप कित्ता भएमा प्रति कित्ता ३००।- दरले थप)

**ख)** माथि सि.न. क मा उल्लेखित वाहेक अन्य क्षेत्रको जग्गा खरिद विक्रीको घर वाटो प्रमाणित दस्तुर रु.१०००।- ( थप कित्ता भएमा प्रति कित्ता १००।०० दरले थप)

**ग) माथि सि**.नं.क र ख मा उल्लेखित बाहेक ग्रामिण क्षेत्रमा घर जग्गा खरिद बिक्रीको घर बाटो नभएको प्रमाणित सिफारिस दस्तुर रु.५०० र (थप कित्ता भएमा प्रति रु.१०० का दरले थप)

घ) अशबण्डा, बकसपत्रको घर बाटो प्रमाणित घर बाटो प्रमाणितमा महेन्द्रराजमार्ग संग जोडिएको प्रति कित्ताको .रु.७५०।- (थप कित्ता भएमा प्रति कित्ता १५०।०० दरले थप)

ङ) अशबण्डा, बकसपत्रको घर बाटो प्रमाणित घर बाटो प्रमाणितमा माथि सि.न. ग मा उल्लेखित वाहेक अन्य क्षेत्रको कित्ताको .रु.५००।- (थप कित्ता भएमा प्रति कित्ता १००।०० दरले थप)

**नोट :क) प्राकृतिक प्रकोपमा परेका, अनाथ, अशक्त, अपांगता भएका व्यक्तिहरुले सो सम्वन्धी व्यहोराको सिफारिश माग गरेमा सिफारिश दस्तुर लाग्ने छैन ।**

**ख) जेष्ठ नागरिक, अपाङ्ग एकल महिला परिवार र शहिद परिवार सदस्यहरुको सामाजिक सुरक्षा सम्बन्धि निवेदनमा निवेदन दस्तुर नलिने ।**

**४१.** नक्सापास भई घर बनाउंदा पाउने सहुलियत काठ सम्बन्धि सिफारिस रु.५००।–

**४२. घर नक्सा पासमा निम्नानुसार दस्तुर लिने ।**

| |
|---|
| १. बेदकोट नगरपालिकाको मुख्य बजार क्षेत्रको ५०० मिटर दाया वाया आवासिय प्रयोजनका लागि निर्माण हुने घरको प्रति वर्गफूट रु.४।– |
| २. बेदकोट नगरपालिका भित्र राजमार्ग संग जोडिएको स्थानमा व्यवासायिक प्रयोजनका लागि निर्माण हुने प्रति वर्गफूट रु.६।- |
| ३. १ र २ मा उल्लेखित स्थान वाहेक अन्य स्थानमा निर्माण हुने घरको प्रति वर्ग फुट रु ३ । |
| ४. नक्सा पासको निवेदन किताव................................ रु.५००। |
| ५. नक्सा नामसारी दस्तुर.......................................... रु.५००। |
| ६. नक्साको प्रतिलीपी प्रमाणित दस्तुर.............................. रु.५००। |
| ७. नक्सा पासको प्रमाण पत्रको प्रतिलीपी दस्तुर ..................रु.२५०। |
| ८. संन्धि सर्पन सम्वन्धी सार्वजनिक सूचना प्रकासन वाफत दस्तुर रु.२००।- |

**४३. निम्नानुसारको सिफारिसमा निम्न बमोजिमको सिफारिस दस्तुर लिने ।**

| क.सं. | विवरण | सिफारिस दस्तुर |
|---|---|---|
| १ | एग्रो सप्लायर्स | ७,०००।- |
| २ | सःमिल | ७,०००।- |
| ३ | सेलर मिल | ५,०००।- |
| ४ | प्लास्टिक फैक्ट्री | ५,०००।- |
| ५ | प्लाईउड फैक्ट्री | ७,०००।- |
| ६ | फर्निचर ठूलो | ५,०००।- |
| ७ | फर्निचर सानो | ३,०००।- |
| ८ | सटरिङ | १,०००।- |
| ९ | गुट्का उद्योग | २,५००।- |
| १० | चिउरा मिल | २,०००।- |
| ११ | मिनी प्लान्ट | १,५००।- |
| १२ | कुटानी पिसानी मिल | २,०००।- |
| १३ | वर्क सप | १,५००।- |
| १४ | पेट्रोल पम्प | ५,०००।- |
| १५ | बंगाली ईटा भट्टा | ५,०००।- |
| १६ | औषधी पसल | १,५००।- |
| १७ | कम्प्युटर तालीम केन्द्र | १,२००।- |
| १८ | गोदाम | १,२००।- |
| १९ | थोक पसल | ५००।- |
| २० | खुद्रा पसल | ५००।- |
| २१ | कथ्था फैक्ट्री | ७,०००।- |
| २२ | ट्यूसन सेन्टर | २,५००।- |
| २३ | सिमेन्ट ब्लक पिलर | ३,०००।- |
| २४ | होटेल एण्ड लज | १,०००।- |
| २५ | साना उद्योग | १,०००।- |
| २६ | ह्युमपाइप उद्योग | ५,०००।- |
| २७ | वर्कशप एण्ड कम्पनी | १०,०००।- |
| २८ | मदिरा पसल | ५,१००।- |
| २९ | कुखुरा, बंगुर र माछा पसल | १,०००।- |
| ३० | ग्यास प्लान्ट | ३०,०००।- |
| ३१ | कृषि औजारको लागि काठको सिफारिस दस्तुर | २००।- |

| | | |
|---|---|---|
| ३२ | बहुउद्देश्यीय व्यवसायको लागि सिफारिस दस्तुर | १,५००।- |
| ३३ | ड्राइभिङ सेन्टर दर्ता दस्तुर | १,५००।- |
| ३४ | कुखुरा दाना उत्पादन फर्म दर्ता सिफारिस दस्तुर | १०००।- |
| ३५ | एग्रो सप्लायर्स | २५००।- |
| ३६ | उखु पेल्ने मिल सिफारिस दस्तुर | ८,०००।- |
| ३७ | बगर खेती सेवा शुल्क बार्षिक | २२,०००।- |
| ३८ | प्लाष्टिक बोतल बनाउने उद्योग सिफारिस | ३,०००।- |
| ३९ | आवादीको काठ बिक्री सिफारिस | १,०००।- |
| ४० | सहकारी संस्था नविकरण सिफारिस शुल्क | ५००।- |
| ४१ | एग्रो फर्म दर्ता सिफारिस | १०००। |

**(ख) सेवा शुल्क**

१.ट्रान्सर्फमरको प्रतिवर्गफुट रु. ८।– का दरले वार्षिक शुल्क लिने। विद्युत तार प्रति मिटर रु. ०.०१ पैसा लिने

**२.** नेपाल खानेपानी संस्थानले पाइप लाईन बिछाए वाफत प्रति मिटर रु. ०.५ पैसाका दरले मासिक सेवा शूल्क लिने।

**३.** केवुल ,डिस लाईनको प्रति मिटर रु.०.२ पैसा मासिक लिने।

**४.** नेपाल दुर संचार संस्थानले टेलिफोन लाईन तानेकोमा प्रति पोल वार्षिक रु. १०।–, केवल तारको प्रति मिटर ०.२५ पैसा -मासिक र टेलिफोन क्याविनेट बक्सको प्रति बक्स रु. २।– मासिक शूल्क लिने।

**५. खानेपानी धारा जडान शूल्क**

१. कच्ची तथा ग्राइभेल सडक र फुटपाथ काटी धारा जडान गर्नु पर्नेमा रु.६००।–

२. सडक नकाटनु पर्ने सिफारिसमा रु.२००।-

**नोट :- पक्की सडक र फुटपाथ काटनु पर्नेमा सो कार्य गर्नमा लाग्ने सम्पुर्ण खर्च ल.ई. अनुसारको रकम सम्बन्धित व्यक्ति बाट धरौटि लिई अनुमती दिने र सम्वन्धीत व्याक्तिले मर्मत गरेमा मात्र धरौटी फिर्ता गर्न पर्ने।**

**६ :-** यस बेदकोट नगरपालिका क्षेत्र भित्र गठीत सामुदायिक वन उपभोक्ता समूहहरुले सामुदायिक वनको काठ बिक्री गर्दा काठको सदर बिक्री मूल्यको १० प्रतिशत रकम नगरपालिकालाई अनिवार्य रुपमा बुझानु पर्ने र उक्त रकम सम्बन्धि क्षेत्रको विकास निर्माणमा खर्च गरिने।

## अनुसूचि–६

## सम्पत्ति कर

संघीय सरकारको आर्थिक ऐन २०७६ र स्थानीय सरकार संचालन ऐन २०७४ पहिलो संसोधन २०७६ परिच्छेद ०९ को दफा ...... मा भएको व्यवस्था अनुरुप सम्पत्ति मूल्यांकनको प्रति हजारमा रु १० पैसाका दरले सम्पत्ति कर लाग्नेछ।

## अनूसुचि–७

## घर बहाल कर

१. नगर क्षेत्रभित्र कुनै घर,गोदाम,पसल,ग्यारेज,कारखाना,घरजग्गामा टहरा, पोखरी, मिल आदी बहालमा दिएकोमा दिएको बहाल रकमको १२ प्रतिशतका दरले बहाल कर लिने।

## अनुसूची-८

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ को दफा ५६ बमोजिम राजमार्गसँग जोडिएको जग्गमा प्रति कट्ठा रु.३० र अन्यमा प्रति कट्ठा रु.१० लाग्नेछ ।

## अनुसूची-९

बहाल बिटौरी शुल्क प्रति हजारमा रु.५ पैसा लाग्नेछ ।

## अनुसूची -१०

सरकारी सावरी साधन, उपकरण तथा हेभी इक्युपमेन्ट प्रयोग गरे बाफत देहायको दरमा बहाल शुल्क लाग्नेछ ।

(क) टिप्पर

- यस नगरपालिका क्षेत्र भन्दा बाहिर भाडामा दिएमा प्रतिदिन रु.६,०००|-
- यस नगरपालिका क्षेत्र भित्र उपभोक्ता समिति बाहेक अन्यलाई प्रतिदिन रु.५,५००|-
- यस नगरपालिका क्षेत्र भित्रका उपभोक्ता समितिलाई प्रतिदिन रु.५,०००|-

(ख) ब्याक्हो लोडर

- यस नगरपालिका क्षेत्र भन्दा बाहिर भाडामा दिएमा प्रतिघण्टा रु.२,५००|-
- यस नगरपालिका क्षेत्र भित्र उपभोक्ता समिति बाहेक अन्यलाई प्रतिघण्टा रु.२२००|-
- यस नगरपालिका क्षेत्र भित्रका उपभोक्ता समितिलाई प्रतिघण्टा रु.२,०००|-

(ग) ट्रेक्टर ट्रली सहित

- यस नगरपालिका क्षेत्र भन्दा बाहिर भाडामा दिएमा प्रतिदिन रु.४०००|-
- यस नगरपालिका क्षेत्र भित्र उपभोक्ता समिति बाहेक अन्यलाई प्रतिदिन रु.३५००|-
- यस नगरपालिका क्षेत्र भित्रका उपभोक्ता समितिलाई प्रतिदिन रु.३०००|-

(घ) ट्रेक्टर पानी टंकी सहित

- यस नगरपालिका क्षेत्र भन्दा बाहिर भाडामा दिएमा प्रतिदिन रु.४०००|-
- यस नगरपालिका क्षेत्र भित्र उपभोक्ता समिति बाहेक अन्यलाई प्रतिदिन रु.३५००|-
- यस नगरपालिका क्षेत्र भित्रका उपभोक्ता समितिलाई प्रतिदिन रु.३०००|-

(ङ) रोड रोलर

- यस नगरपालिका क्षेत्र भन्दा बाहिर भाडामा दिएमा प्रतिदिन रु.१४०००|-
- यस नगरपालिका क्षेत्र भित्र उपभोक्ता समिति बाहेक अन्यलाई प्रतिदिन रु.१२०००|-
- यस नगरपालिका क्षेत्र भित्रका उपभोक्ता समितिलाई प्रतिदिन रु.१००००|-

**नोट :**

- यसरी सवारी साधन भाडामा लगेको बखत क्षति भएमा रु.२०,०००| - सम्मको टुटफुट मर्मत सम्भार सम्बन्धित भाडामा लिने पक्षले ब्यहोर्नु पर्नेछ ।
- भाडामा लगि सवारी साधन प्रयोग गर्दा इन्धन र सवारी चालकको भत्ता भाडामा लिने पक्षले ब्यहोर्नु पर्नेछ ।
- १ दिन भन्नाले ८ घण्टाको समय मानिनेछ ।

## अनुसूची-११

कबाडी सामान निकासीमा देहाय बमोजिमको कर लाग्ने छ ।

| | |
|---|---|
| • झिण्डु (प्राकृतिक तथा कृतिम उनका टुक्रा) | प्रति के.जी.रु.२.०० |
| • गार्मेन्टको कपडाको टुक्रा | प्रति के.जी.रु.२.०० |
| • जलेको मोबिल | प्रति लिटर रु.१ |
| • जुट र प्लाष्टिकका बोरा | प्रति के.जी.रु.०.२ |

- कार्पेटका टुक्रा प्रति के.जी.रु.२
- टायर ट्युब प्रति के.जी.रु.२
- थोत्रो टिन प्रति के.जी.रु.०.५
- पुरानो ड्रम प्रति के.जी.रु.०.५
- पुराना कागज प्रति के.जी.रु.०.५
- अखबार(न्युज प्रिन्ट) प्रति के.जी.रु.०.५
- अन्य कागज कार्टुन समेत प्रति के.जी.रु.१.००
- फलाम प्रति के.जी.रु.२.००
- थोत्रिएर काम नलाग्ने मेसिनरी औजार प्रति के.जी.रु.२.००
- अन्य धातु(पितल तथा आदि) प्रति के.जी.रु.४.००
- पोलिथिन पाईपका टुक्राहरु प्रति के.जी.रु.१.००
- काँचको धुलो र टुक्राहरु प्रति के.जी.रु.१.००
- खाली सिसि बियर प्रति गोटा रु.१
- खाली सिसि मदिरा र अन्य(५०० एमएल भन्दा माथि) प्रति गोटा रु.०.५०
- खाली सिसि मदिरा र अन्य(५०० एमएल भन्दा माथि) प्रति गोटा रु.०.३०
- पुरानो ब्याट्री प्रति के.जी.रु.१०.००
- काटको ठेकी प्रति के.जी.रु.५.००

## अनुसूची १२

१. यस नगरपालिका क्षेत्रभित्र रहेका बगुन, छेला, चौधर, मुसेपानी, घोर्सुवा र गाउजी नदीको ढुंगागिट्टी, बालुवा, ग्राबेल र माटो बिक्री रकम संकलन गर्न रु.७०,००,०००।-

२. यस नगरपालिका क्षेत्रभित्रका राजमार्ग, सहायक राजमार्ग बाहेक अन्य सडकमा सडक सेवा शुल्क संकलनमा रु.१४,५५,०००।-

३. कबाड सामान संकलन तथा निकासीमा रु.१,००,०००।-

४. बेदकोट ग्रिन पार्क तथा स्वीमिङपुल मा शुल्क संकलनको रु.१,५०,०००।-

५. बेदकोटको भ्यु टावरमा प्रवेश शुल्क तथा पार्किङ शुल्क र पिकनिक स्पोटमा प्रवेश शुल्क तथा पार्किङ शुल्कको रु.१,००,०००।-

६. लिङ्गा क्षेत्रको सेवा शुल्क तथा पार्किङ शुल्क संकलनमा रु.१,००,०००।-

७. विज्ञपान करको रकम संकलनमा रु.४०,०००।-

८. पटके व्यवसाय कर संकलनमा रु.३०,०००।-